# अभियान इन्भेष्टमेन्ट ग्रुप अफ नेपाल लि.

## बारम्बार सोधिने प्रश्नहरु (Frequently Asked Questions)

**१) अभियान इन्भेष्टमेन्ट ग्रुप अफ नेपाल लि. कस्तो कम्पनी हो ?**

उत्तर : देशभित्र छरिएर रहेका, लगानीको अवसर पाउन नसकेका साना-साना पूँजिलाई एकत्रित गरी वस्तु तथा सेवाको उत्पादनबाट आर्थिक उपार्जन बढाई समुदाय तथा राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने उद्देश्य राखी कम्पनी ऐन २०६३ बमोजिम स्थापित कम्पनी हो ।

**२) यस कम्पनीको उद्देश्य के हो ?**

उत्तर : (क) जलविद्युत, रियल स्टेट (हाउजिङ्ग), पर्यटन, होटल व्यवसाय, आर्थिक, व्यापारिक, ट्रेडिङ्ग, वित्तीय संस्थाहरु, इण्डष्ट्रिज, कन्सल्टेन्सी, तथा सेवा मूलक उद्योग व्यवसायमा लगानी तथा संचालन गर्ने,

(ख) शेयर, डिवेञ्चर, सामूहिक लगानी कोष, बण्डहरुको खरिद विक्री गर्ने,

(ग) विदेशी कम्पनीसँग सहकार्य गरी नेपालमा विदेशी लगानी भित्राई विभिन्न क्षेत्रमा लगानी गर्ने प्रमुख उद्देश्यको रुपमा रहेकोछ ।

**३) यसको संचालक समितिमा को-को रहनुभएको छ ?**

उत्तर : यस कम्पनीको संचालक समितिमा बैंक तथा वित्तीय, हाइड्रोपावर, तथा लगानीका क्षेत्रमा लामो अनुभव हासिल गरिसक्नु भएका व्यक्तिहरु कम्पनीको संचालकको रुपमा रहनु भएको छ ।

**४) कम्पनीको लगानी रणनीति के-हो ?**

उत्तर : (क) दीर्घकालिन लगानी

(ख) मध्यमकालिन लगानी

(ग) अल्पकालिन लगानी

**५) लगानीका लागि परियोजना छनोट र त्ययसको व्यवस्थापन कसरी हुन्छ ?**

उत्तर : यस इन्भेष्टमेन्ट कम्पनीले लगानी गर्ने परियोजनाहरुको विश्वसनियता, लगानी प्रतिफल सुनिश्चितताको लागि विभिन्न क्षेत्रका विज्ञहरु सम्मिलित अभियान क्यापिटल मेनेजमेन्ट प्रा.लि. रहेको छ । सो कम्पनीले परियोजनाको प्राविधिक, वित्तीय तथा कानुनी पक्षको अध्ययन गरेपछि त्यसले गरेको सिफारिसका आधारमा यस कम्पनीले लगानी रणनीति तयार गर्नेछ । साथै व्यवस्थापकीय कार्य तथा अनुगमन समेत सम्बन्धित कम्पनीको संचालक समिति सँगको  समन्वयमा अभियान क्यापिटल म्यानेजमेन्टले गर्नेछ ।

**६) कम्पनीको संस्थापक तथा व्यवस्थापन टिममा को-को आवद्ध रहनु भएकोछ ?**

उत्तर : यस कम्पनीको संस्थापक र व्यवस्थापन टिममा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय क्षेत्रमा लामो अनुभव हासिल गरेका उद्योगी व्यवसायीहरु, सरकारी सेवामा काम गरेका निवृत अधिकारीहरु, बीमा, बैंक तथा वित्तीय क्षेत्रमा काम गरेका व्यवसायीक व्यक्तित्वहरु, इन्जिनियर तथा लगानी विज्ञहरु रहनु भएको छ ।

**७) यस कम्पनीले शेयर बजारमा लगानी गर्छ ?**

उत्तर : यस कम्पनीले हालसम्म विभिन्न कम्पनीहरुको शेयरमा लगानी गरिरहेको छ र अगामी दिनमा यस कम्पनिले समेत लगानी गरेको अभियान क्यापिटल म्यानेजमेन्ट प्रा.लि. को समन्वयमा शेयर बजारमा लगानी गर्नेछ ।

**८) कुन कुन क्षेत्रमा यस कम्पनीले लगानी गर्ने योजना बनाएको छ ?**

उत्तर : यस कम्पनीले जलविद्युत, रियल स्टेट (हाउजिङ्ग), पर्यटन, होटल व्यवसाय, आर्थिक, व्यापारिक, ट्रेडिङ्ग, वित्तीय संस्थाहरु, इण्डष्ट्रिज, कन्सल्टेन्सी, तथा सेवा मूलक उद्योग व्यवसाय, शेयर, डिवेञ्चर, सामूहिक लगानी कोष, बण्डहरु आदी क्षेत्रहरुमा लगानी गर्ने योजना रहेको छ ।

**९) यसमा कति देखि कतिसम्म लगानी कसरी गर्न सकिन्छ ?**

उत्तर : यस कम्पनीमा निश्चित समयका लागि कम्तिमा रु. १ लाख देखी रु. २ करोड सम्म लगानी गर्न सकिन्छ । लगानी गर्न चाहानुहुने लगानीकर्ताहरुले यस कम्पनीको न्यूप्लाजामा रहेको कार्यालयमा उपस्थित भई वा कार्यालयमा सम्पर्क गरी अनुसूचि भरी इमेल मार्फत पनि लगानी गर्न सकिन्छ ।

**१०) लगानीका लागि के-के डकुमेन्टहरु आवश्यक पर्दछ ?**

उत्तर : यस कम्पनीमा लगानी गर्नका लागि नागरिकताको प्रतिलिपि तथा अनुसूचि भरेर बुझाए पुग्दछ ।

**११) कम्पनीको पूँजिगत संरचना कस्तो रहेकोछ ?**

उत्तर : चुक्ता पुंजी १ अर्व ५ करोड रहनेछ ( जसमा संस्थापक समुहतर्फको ७० प्रतिशत र सर्वसाधारण तर्फको ३० प्रतिशत हुनेछ)

**१२) कम्पनीले आम सर्वसाधारणको लागि प्राथमिक शेयर (IPO) निष्काशन गर्दछ ?**

उत्तर : गर्दछ, प्रश्न नम्बर १० को पूँजिगत संरचनाले नै यसलाई स्पष्ट पार्दछ ।